(令和8年度4月以降　新規　ネパール語)

आदरणीय अभिभावक ज्यू,

नागोया सहर शिक्षा परिषद्

# विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग सम्बन्धी सूचना

**(रेइवा 8 साल अि ल～रेइवा 8 सालअग )**

नागोया सहरले आर्थिक कारणले गर्दा आफ्नो बच्चाहरूलाई प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा पठाउन कठिन व्यक्तिहरूको लागि अध्ययन सामग्री खर्च जस्ता विद्यालयमा अध्ययन गर्नको लागि आवश्यक खर्च सहयोग गर्ने कार्यक्रम गरिरहेको छ। **सहयोग लिनको लागि आवेदन दिनुपर्नेछ।**

## 1 प्रमाणीकरणको दायरामा पर्ने व्यक्तिहरू (② घरपरिवारका सबै सदस्यहरूको जीवनयापनको लागि सरकारी सहायता रोकिएको वा खारेज गरिएको हुनुपर्छ।)

① जीवनयापनको लागि सरकारी सहायता ऐन बमोजिम सरकारी सहायता आवश्यक अभिभावकहरू

② जीवनयापनको लागि सरकारी सहायता रोकिएका वा खारेज गरिएका व्यक्तिहरू
(*यसमा परिवारको सदस्यमा परिवर्तन भएको कारण खारेज गरिएको अवस्था (पुनर्विवाह आदि) पर्दैन।)

③ बालबालिका पालनपोषण भत्ता भुक्तानी प्राप्त गरिरहेका व्यक्तिहरू
(*यसमा बालबालिका भत्ता, एकल अभिभावक भएको परिवार भत्ता जस्ता अन्य भत्ताहरू पर्दैनन्। )

④ तलको तालिकामा उल्लेख गरिएका मापदण्ड अनुसार आय कम भएका व्यक्तिहरु

**चार व्यक्तिको परिवारकोहकमा, वार्षिक आय स्तर को लगभग 59लाख येन सम्मका परिवारहरू लाई लक्षित गरीएको छ।**

| परिवार सङ्ख्या | 2 जनाको परिवार | 3 जनाको परिवार | 4 जनाको परिवार | 5 जनाको परिवार | 6 जनाको परिवार | 7 जना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|---|---|---|
| **मानक आय रकम** | **32 लाख 18 हजार येन** | **34 लाख 56 हजार येन** | **41 लाख 78 हजार येन** | **48 लाख 50 हजार येन** | **53 लाख 76 हजार येन** | **(परिवारमा 1 जनाको वृद्धिसँगै) 4 लाख 55 हजार येन थप** |

【रेइवा 6 (जनवरी देखि डिसेम्बर) मा घरपरिवारको प्रत्येक सदस्यको कुल आम्दानीबाट 1 लाख येन कटौती गरेपछिको कुल रकम माथिको आय मानक रकमभन्दा कम भएमा】

※ निरिक्ष्यक अनुसर प्रयोग गरिने "आय" नगरपालिका कर, जिल्ला कर, र वन वातावरण कर प्रमाणपत्रहरूको "कुल आय रकम" हो। यस्लाइ तपाईको वार्षिक आम्दानी भनिदै।

सन्दर्भ: वार्षिक आयकर कट्टी पत्र "आय कटौती पछिको रकम", नगरपालिका कर / जिल्ला कर निर्णय सूचना "कुल आय रकम", अन्तिम आयकर बुझाउने फारम "कुल आय रकम जम्मा", आदि।

※ **विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग को लागि "घरपरिवार" भन्नाले एउटै घरमा बस्ने सबै मानिसहरूलाई जनाउँछ।** एउटै घरमा बस्ने हजुरबा हजुरआमा इत्यादिको जीविकोपार्जन र बसोबासको अभिलेख फरक-फरक भए तापनि एउटै घरमा रहेको मानिन्छ। ध्यान दिनुहोस्: एक्लै कार्यस्थलमा बस्ने, तांशिनफुनिन) वा संयुक्त अभिभावकत्वका कारण एउटै घरमा नबस्ने भए पनि, यदि अभिभावक अधिकार राख्ने व्यक्ति हुन् भने, उनीहरू पनि एउटै परिवार, दोउइचुसेताइ) मा समावेश मानिन्छन्।

※ मुख्यतया जीविका चलाउने (घरखर्च धान्ने ) व्यक्तिलाई चोटपटक वा रोग लागेको वा सो व्यक्तिले काम गुमाएको (बरखास्त ,ऋणमा डुबेर कम्पनी बन्द भएको ) जस्ता आफ्नो बसमा नभएको परिस्थितिहरूको कारणले तपाईंको आम्दानी तीव्र रूपमा घटेको खण्डमा , मानक रकम नाघेको भएतापनी बिचार गरिने अवस्थाहरु हुन्छन ।बिद्यालयमा परामर्स लिनुहोस ।(यसमा अवकाश र व्यक्तिगत कारणले गर्दा काम छोडेको अवस्थाहरु पर्दैनन् ।)

※यदि तपाईंको परिवारमा 2024 (रेइवा 6) को जनवरीदेखि डिसेम्बरसम्म विदेशमा बसोबास गरेको अवधि भएको सदस्य छ भने, तलब-भत्तासम्बन्धी कागजात (किउयोमेइसाई आदि) पेश गर्न आवश्यक पर्छ।

त्यसैले, कृपया विद्यालयसँग परामर्श गर्नुहोस्।

| बढ्दो मूल्यको प्रभावलाई ध्यानमा राख्दै, हामीले हालको लागि आय थ्रेसहोल्ड बढाउँदैछौं। |
|---|

## 2　प्रमाणीकरण अवधि

प्रमाणीकरण अवधि आवेदन स्वीकार गरिएको सोही महिनादेखि रेइवा 8 साल अगस्टसम्म हुनेछ

## 3　ध्यान दिनुपर्ने कुराहरू तथा अन्य

① विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगसँग सम्बन्धित जानकारी, व्यक्तिगत जानकारी हुनाले, अरूले थाहा नपाउने गरी ध्यान दिइनेछ।

② आवेदन विवरण संशोधन वा गल्ती पत्ता लागी, प्रमाणीकरण आवश्यकता पूरा नहुने भएको खण्डमा प्रमाणीकरणलाई रद्द गरिने अवस्थाहरू पनि हुन सक्छन्। आवेदन विवरणमा शंका भएको खण्डमा सोधपुछ गरी विवरण निश्चय गरिने वा पदाधिकारद्वारा पारिवारिक स्थिति र आय आदि निश्चय गरिने अवस्थाहरू पनि हुन सक्छन्।

③ **विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको प्रमाणित अवधिमा पारिवारिक स्थिति परिवर्तन हुने खण्डमा (अभिभावक परिवर्तन, पुनर्विवाह, संयुक्त अभिभावक अधिकारको प्रारम्भ, बसाइ सराइ, हजुरबुबा हजुरआमासँग बसोबास, परिवारको सदस्य वृद्धि आदि), अनिवार्य रूपमा तुरुन्तै विद्यालयलाई सम्पर्क गर्नुहोस्।** पुनर्विवाह आदिको कारण परिवारमा नयाँ सदस्य थपिएको खण्डमा, एक चोटि विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको भुक्तानी रोकिनेछ। निरन्तर विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग चाहने खण्डमा, नयाँ परिवार संरचनाद्वारा पुनः आवेदन दिनुपर्नेछ। यद्यपि सम्बन्ध विच्छेद आदिको कारण परिवारको सदस्य घटेको खण्डमा भने निरन्तर विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको भुक्तानी गरिनेछ।

④ भुकम्प वा ठूलो वर्षा आदिको पीडित भएको कारण आवेदन दिने अवस्थाको प्रक्रियाको लागि विद्यालयमा परामर्श लिनुहोस्।

⑤ यसपटक जानकारी हेर्ने/जाँच गर्ने सहमति दिनु भएको अवस्थामा,

2026 (रेइवा 8) को सेप्टेम्बरपछि हुने स्वचालित (जीदोउकेइजोकुसिन्सा - स्वचालित रूपमा दोहोरिने पुनः-जाँच) मा पनि सहमति दिएको मानिनेछ।

यदि सहमति दिन चाहनुहुन्न भने, कृपया आवेदन फारममा रहेको “सहमति छैन” मा चिन्ह लगाउनुहोस्।

सहमति नदिई चिन्ह लगाइएमा, हरेक वर्ष आवेदन फारम पुनः बुझाउनुपर्ने हुन्छ, त्यसैले ध्यान दिनुहोस्।

# 4 सन्दर्भ (भुक्तानी विवरण तथा भुक्तानी अवधि)

प्रमाणीकरण गरिएको खण्डमा, भुक्तानी विवरण निश्चयको सन्दर्भ हुने हुनाले सुरक्षित गरी राख्नुहोस्।

| | | प्राथमिक विद्यालयको 1 ग्रेडमा अध्ययनरत विद्यार्थीहरू | प्राथमिक विद्यालयको 2～6 ग्रेडमा अध्ययनरत विद्यार्थीहरू | निम्न माध्यमिक विद्यालयको 1 ग्रेडमा अध्ययनरत विद्यार्थीहरू | निम्न माध्यमिक विद्यालयको 2 र 3 ग्रेडमा अध्ययनरत विद्यार्थीहरू | भुक्तानी समय |
|---|---|---|---|---|---|---|
| अध्ययन सामग्री खर्च आदि | पहिलो सेमेस्टरको रकम | 5,670 येन | 6,680 येन | 10,690 येन | 11,560 येन | 6/1 तिर |
| | दोस्रो सेमेस्टरको रकम | 4,320 येन | 5,040 येन | 8,200 येन | 9,000 येन | 10/26 तिर |
| | तेस्रो सेमेस्टरको रकम | 3,240 येन | 3,780 येन | 6,150 येन | 6,750 येन | 1/25 तिर |

| | | | | |
|---|---|---|---|---|
| अनलाइन अध्ययनको लागि सञ्चार खर्च | सबै ग्रेडहरू | पहिलो सेमेस्टरको रकम: 6,250 येन, दोस्रो सेमेस्टरको रकम: 5,000 येन<br>तेस्रो सेमेस्टरको रकम: 3,750 येन | | पहिलोसेमेस्टरको रकम:6/1 तिर<br>दोस्रो सेमेस्टरको रकम:10/26 तिर<br>तेस्रो सेमेस्टरको रकम:1/25 तिर |
| भर्ना तयारी रकम | प्राथमिक विद्यालय 1 ग्रेड<br>निम्न माध्यमिक विद्यालय 1 ग्रेड | **अप्रिलको मितिमा विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्राप्त गरिरहेका प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूलाई भुक्तानी गरिनेछ।** | प्राथमिक विद्यालय: 64,300 येन<br>निम्न माध्यमिक विद्यालय: 81,000 येन | 6/1 तिर |
| स्नातक एल्बम शुल्क आदि | प्राथमिक विद्यालय 6 ग्रेड<br>निम्न माध्यमिक विद्यालय 3 ग्रेड | **3/1 को मितिमा विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्राप्त गरिरहेका स्नातक एल्बम आदि खरिद गर्ने प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूलाई** भुक्तानी गरिनेछ। | लागत रकम | 3/31 तिर |
| विद्यालय खाना खर्च | माध्यमिक बिद्यालय | सामान्यतया प्राथमिक विद्यालय र नारुमी निम्न माध्यमिक विद्यालयले अभिभावकलाई भुक्तानी गर्दैन। (विद्यालय प्रमुखद्वारा विद्यालयमा खाना उपलब्ध गराउने संस्थालाई भुक्तानी गरिनेछ)<br>स्कुल लन्च उपलब्ध गराउने निम्न माध्यमिक विद्यालयले **खानपिनमा लागेको रकम** अभिभावकलाई भुक्तानी गर्नेछ। | लागत रकम | 【स्कुल लन्चको रकम】<br>अप्रिल: 6/1 तिर<br>मार्च: 3/31 तिर<br>अन्य महिनाहरू: सम्बन्धित महिना पछिको महिनाको 25 तारिख तिर |
| आउटडोर गतिविधि खर्च | प्राथमिक विद्यालय 5 ग्रेड<br>निम्न माध्यमिक विद्यालय 2 ग्रेड | **आउटडोर गतिविधि गरिएको मितिमा विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्राप्त गरिरहेका र रात बस्ने आउटडोर गतिविधिमा भाग लिएका प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरू**लाई भुक्तानी गरिनेछ। | लागत रकम | आउटडोर गतिविधि/शैक्षिक भ्रमण गरिएपछि (सामान्यतया 2～3 महिना पछि) |
| शैक्षिक भ्रमण खर्च | प्राथमिक विद्यालय 6 ग्रेड<br>निम्न माध्यमिक विद्यालय 3 ग्रेड | **शैक्षिक भ्रमण गरिएको मितिमा विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्राप्त गरिरहेका र शैक्षिक भ्रमणमा भाग लिएका प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूलाई** भुक्तानी गरिनेछ। | लागत रकम | आउटडोर गतिविधि/शैक्षिक भ्रमण गरिएपछि (सामान्यतया 2～3 महिना पछि) |
| विद्यालय आवतजावत गर्ने यातायात खर्च | | विशेष परिस्थितिमा भएका बालबालिकाहरूले पर्याप्त शिक्षा हासिल गर्न सक्ने गरी ध्यान पुर्‍याई, 4 ㎞ वा सोभन्दा बढीको दूरीमा भएको प्राथमिक विद्यालय वा 6 ㎞ वा सोभन्दा बढीको दूरी भएको निम्न माध्यमिक विद्यालयमा सार्वजनिक यातायात प्रयोग गरेर आवतजावत गर्ने प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूलाई भुक्तानी गरिनेछ। (विशेष सहयोग कक्षामा अध्ययन गर्न गइरहेको भएमा दूरीले फरक पार्दैन।) | लागत रकम | जुलाई<br>अक्टोबर<br>जनवरी |

| | | | | |
|---|---|---|---|---|
| विद्यालय जीवन व्यवस्थापन मार्गदर्शन तालिकापत्र खर्च | सबै ग्रेडहरू | खानेकुराको एलर्जी र मुटु तथा मृगौलासँग सम्बन्धित रोगहरूबारे चिकित्सकद्वारा तयार गरिने विद्यालय जीवन व्यवस्थापनको मार्गदर्शन तालिकापत्रको कागजात शुल्क भुक्तानी गरिनेछ। स्वास्थ्य संस्थाको रसिद आवश्यक पर्नेछ। | लागत रकम (अधिकतम रकम 3,000 येन) | अप्रिल र मेको आर्थिक सहयोग: 6/25 तिर<br>अन्य महिनाहरू: सम्बन्धित महिना पछिको महिनाको 25 तारिख तिर |
| विद्यालय रोग (गाक्को ब्यो) को चिकित्सा खर्च | विद्यालयको निर्देशन अनुसार उपचार गरिएको विद्यालय रोग (गाक्को ब्यो)* को उपचार खर्च* को उपचार खर्च विद्यालय प्रमुखद्वारा स्वास्थ्य संस्थालाई भुक्तानी गरिनेछ (अभिभावकलाई सिधैँ भुक्तानी गरिनेछैन।)*ट्रकोमा, आँखा पाक्ने रोग, भित्रि कान दुख्ने समस्या, दीर्घकालीन पिनास, कीराले खाएको दाँत, एडिन्वाइड, परजीवी रोग, निर्दिष्ट छालाको रोग। | | | |

* सेमेस्टरको बीचमा प्रमाणीकरण गरिएको खण्डमा अध्ययन सामग्री खर्च आदि र अनलाइन अध्ययनको लागि सञ्चार खर्चको केही रकम भुक्तानी गरिनेछ।

*अनलाइन अध्ययनको लागि सञ्चार खर्चको सन्दर्भमा, बच्चा अध्ययनरत विद्यालयमा ट्याब्लेट टर्मिनल उपयोग गरी रिमोट लेसन नगरिएको खण्डमा भुक्तानी गरिनेछैन।

*जीवनयापनको लागि सरकारी सहायता प्राप्त गरिरहेको परिवारलाई **शैक्षिक भ्रमण खर्च र विद्यालय रोग (गाक्को ब्यो) को चिकित्सा खर्च मात्र** भुक्तानी गरिनेछ। अन्य चाहिँ जीवनयापनको लागि सरकारी सहायता खर्च (शैक्षिक सहायता) मा समावेश छन्।

*विद्यालय रोग (गाक्को ब्यो) को **उपचार गर्दा, अग्रिम रूपमा, अनिवार्य "उपचारको विस्तृत विवरणपत्र" आदि विद्यालयबाट लिई, स्वास्थ्य संस्थामा लिएर जानुहोस्। यद्यपि बाल चिकित्सा कार्ड वा एकल अभिभावक भएको परिवारको चिकित्सा कार्ड भएको खण्डमा, ती कार्डहरूलाई प्राथमिकता दिइनेछ।**

*अभिभावकद्वारा अकाउन्ट-टु-अकाउन्ट ट्रान्सफरको लागि आवेदन दिइएको खण्डमा, सामान्यतया सीधै अभिभावकको खातामा ट्रान्सफर गरिनेछ। "エンジョナゴヤシ" ("एन्ज्यो नागोयासी") नामको खाताबाट बैंक ट्रान्सफर गरिन्छ। तर विद्यालयद्वारा सङ्कलन गरिने रकमहरू मध्ये विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको दायरामा पर्ने रकम भुक्तानी नगरिएको अवस्थामा, विद्यालयलाई भुक्तानी गरिने अवस्थाहरू पनि हुन सक्छन्।

## 5　पेस गर्नुपर्ने कागजातहरू

・विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग निरन्तरताको अवेदनपत्र

**सेडिङ गरिएको (गाढा रङ्ग भएको) ठाउँमा अनिवार्य रूपमा भर्नुहोस्।**

**पारिवारिक स्थिति ठाउँमा एकै परिवारको सबै सदस्यहरू लेख्नुहोस्।**

**यदि तपाईंले आवेदनपत्रको "सहमति गर्दिनँ" मा टिक चिन्ह लगाउनु भएन भने, प्रमाणका कागजात आवश्यक पर्दैन**。

*दायरामा पर्ने बच्चाहरू 2 जना वा सोभन्दा बढी भएका व्यक्तिहरूले **प्रत्येक बच्चाको लागि** आवेदन दिनुहोस्।

・प्रमाणपत्रहरू

* सहमत नहुनुका साथै **रेइवा 7 साल जनवरी 2 तारिख पछि अन्य ठाउँबाट नागोया सहरमा बसाइ सरेको खण्डमा वा आय उद्घोष नगरेको भएमा,** बच्चा र तपाईं फरक ठेगाना (ठाउँ) मा बसोबास गरिरहेको खण्डमा, जानकारी प्राप्त गर्न नसकिने हुनाले **प्रमाणपत्रहरू पेस गर्नु पर्दछ।**

| प्रमाणीकरण वर्गीकरण | प्रमाणपत्रहरू ("सहमत हुने ठाउँ" मा घरमूली आफैले नाम नलेखी सहमत नहुने खण्डमा आदि) | प्रमाणपत्र आदि जारी स्थान |
|---|---|---|
| ① | आवश्यक पर्दैन | |
| ② | सरकारी सहायता निर्णयको सूचना (【रेइवा 6 साल अप्रिल 2 तारिख पछि】 रोकिएको वा खारेज) | वडा कार्यालय नागरिक कल्याण बालबालिका शाखा<br>शाखा कार्यालय वडाबासी कल्याण शाखा<br>(समाज कल्याण कार्यालय) |
| ③ | बालबालिका पालनपोषण भत्ता प्रमाणपत्र (प्राप्त अवधि 【रेइवा 6 साल नोभेम्बर पछि】 को प्रमाणपत्र) को प्रतिलिपि<br>*समाज कल्याण कार्यालय प्रमुखको इन्कान (स्ट्याम्प) लगाइएको पृष्ठको प्रतिलिपि आवश्यक पर्नेछ।<br>* आमाबुबा मध्ये एक जनालाई गम्भीर अपाङ्गता भएको कारण बालबालिका पालनपोषण भत्ता प्राप्त गरिरहेको खण्डमा, गम्भीर अपाङ्गता भएको कुरा थाहा हुने (अपाङ्गता परिचयपत्रको प्रतिलिपि आदि) संलग्न गर्नुहोस्। | |

| | | |
|---|---|---|
| ④ | परिवारको सबै सदस्यहरूको नगरपालिका कर, जिल्ला　कर, र वन वातावरण कर प्रमाणपत्रहरूको (प्रतिलिपि भएपनि हुन्छ)<br>*आर्थिक वर्ष रेइवा 7 साल (**रेइवा 6 सालको आय**) को प्रमाणपत्र आवश्यक पर्नेछ।<br>*आय कर ऐन अन्तर्गत आश्रितमा पर्ने व्यक्ति र उच्च माध्यमिक विद्यालय वा सोभन्दा मुनिको विद्यार्थीको लागि आवश्यक पर्दैन। | नगरपालिका कर कार्यालय तथा उपशाखा कार्यालय र वडा कार्यालय तथा शाखा कार्यालयको कर काउन्टर |

## 6　पेस गर्नुपर्ने म्याद

(1) रेइवा 8 साल अप्रिलदेखिको प्रमाणीकरण चाहने व्यक्ति

**रेइवा 8 साल अप्रिल 13 तारिख (सोम) सम्ममा विद्यालयमा पेस गर्नुपर्ने**

*(1) को म्यादसम्ममा पेस गर्न नसक्ने खण्डमा विद्यालयमा परामर्श लिनुहोस्।

(2) आवेदन रेइवा 8 सालको मे～जुलाईको बीचको कुनै पनि समयमा लिइनेछ। यद्यपि सम्पूर्ण आवश्यक कागजातहरू पेस गरी आवेदन स्वीकार गरिएको खण्डमा, सामान्यतया आवेदन स्वीकार गरिएको सोही महिनादेखि (आवेदन दिएको महिनाको 1 तारिखमा नागोया सहर भित्रको प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा आबद्ध नभएको व्यक्तिको खण्डमा अर्को महिनादेखि) विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग खर्चको भुक्तानी गरिनेछ। (उदाहरण: रेइवा 8 साल मेमा कुनै समस्या बिना प्रमाणीकरण→मेको आर्थिक सहयोगदेखि भुक्तानी सुरु)

【विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग सम्बन्धी सोधपुछको लागि सम्पर्क】 नागोया सहर शिक्षा परिषद् शैक्षिक मामिला शाखा (फोन: 052-972-3217, फ्याक्स: FAX 052-972-4175) अथवा अध्ययन गरिरहेको विद्यालय

(ढाँचा 1)नयाँ (令和8年度 新規 ネパール語)

*प्रमाणीकरण भइसकेको व्यक्ति (रेइवा 7 साल सेप्टेम्बर पछि प्रमाणीकरण भएको व्यक्ति र प्राथमिक विद्यालयमा भर्ना हुनु अघि नयाँ प्रमाणीकरण भएको व्यक्ति) ले फेरि आवेदन दिनुपर्दैन।

# विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग खर्च प्राप्तिको लागि आवेदनपत्र

**(प्रमाणीकरण अवधि: रेइवा 8 साल अगस्टसम्म)**

**(पाउने) नागोया सहर शिक्षा परिषद्** साल महिना तारिख

**नागोया सहरद्वारा सञ्चालित** **विद्यालय प्रमुख**

आवश्यक कागजातहरू सलग्न गरेर विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग खर्च सहायताको लागि आवेदन दिनुअघि निम्न सर्तहरूमा सहमति हुन आवश्यक पर्दछ।

・परीक्षा प्रयोजनका लागि, शिक्षा बोर्डले सँगै बस्ने सबै व्यक्तिहरूको आधारभूत निवासी दर्ता र विद्यालय उमेर दर्ता जानकारी हेर्नेछ, र आवश्यक अनुसार घरपरिवारको अवस्थाको जाँच पनि गर्न सक्दछ।

・शिक्षा बोर्डले विद्यालय हाजिरी सहायताको प्रशासनिक प्रशोधनका लागि आवेदन र परीक्षा जानकारी प्रयोग गर्नेछ।

・ (2026 साल सेप्टेम्बर महिनापछि निरन्तरता आवेदन प्रक्रियाबारे) हाल विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्राप्त गरिरहनु भएका र जसको विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग अनुमोदन अवधि 8 गाचु (अगष्ट) मा समाप्त हुनेछ, ती व्यक्तिहरूका लागि : यदि अवधि समाप्तिपछि थप अध्ययन सहायता नचाहिने हो भने, अवधि समाप्त हुनु अघि त्यो जानकारी विद्यालयमा दिनु पर्नेछ। यदि जानकारी नदिइएमा, विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग निरन्तरता आवेदन फाराम बुझाइएको मानिनेछ।

・ विद्यालय प्रिन्सिपललाई ट्यूशन(विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग खर्च ) सहायता लाभहरूको अनुरोध र फिर्ता गर्ने सम्बन्धमा प्रशासनिक कार्य प्रत्यायोजन गर्ने, र अनुरोधहरूका सम्बन्धमा प्रत्यायोजित प्रशासनिक कार्य पुनः प्रत्यायोजित गर्नेछ।

・बैंक स्थानान्तरणको लागि दर्ता पूरा भएको छैन भने, विद्यालय प्रधानाध्यापकलाई ट्युसन समर्थन शुल्कको रसिद प्रत्यायोजन गर्नुहोस्।

・विद्यालय सङ्कलन शुल्क भुक्तान गरिएको छैन भने, विद्यालय प्रधानाध्यापकलाई ट्यूशन समर्थन शुल्क र विद्यालय सङ्कलन शुल्कको विनियोजनको रसिद प्रत्यायोजन गर्न अनुरोध गर्नेछ।

*यदि तपाईंले नागोया शहरको विद्यालयमा स्थानान्तरण गर्नुभयो भने, माथिको प्रतिनिधिमण्डललाई नयाँ विद्यालयको प्रधानाध्यापकमा हस्तान्तरण गरिनेछ।

・यदि (दोउइसिनाइ) असहमति जनाएको छैन भने, जाँच प्रक्रियाका लागि शिक्षा समितिले एउटै घरमा बस्ने सबै व्यक्तिहरूको जीवन निर्वाह सहायता (सेइखाचु होगो) सम्बन्धी जानकारी, बाल पालन भत्ता (जीदोउफुयोउतेआते) सम्बन्धी जानकारी तथा आयआर्जन सम्बन्धी जानकारी हेर्न र आवश्यक जानकारी पुष्टि गर्न सक्छ।
साथै, स्वीकृति (निन्तेइ) प्राप्त भएमा, त्यो स्वीकृति कायम रहन्जेल शिक्षा समितिले यी सबै जानकारीहरू निरन्तर रूपमा प्राप्त गर्न सक्छ।

म सहमत भएको अवस्थामा प्रमाणित गर्न आवश्यक छैन।
※ यदि चिन्ह सहमत छु मा लगाइयो भने हरेक वर्ष पुनः आवेदन

□ म सहमत छैन। आवश्यक प्रमाणपत्रहरू म हरेक वर्ष संलग्न गर्छु।

सुरक्षा निर्णय सूचना, बालबालिका पालनपोषण भत्ता प्रमाणपत्र" वा "आय प्रमाणपत्र" मध्ये कुनै एक

| ठेगाना | |
|---|---|
| | च्योमे, बान्ची・नम्बर, अपार्टमेन्ट・मान्सनको नाम, कोठा नम्बर |
| | नागोया सहर वडा |

| पारिवारिक स्थिति (सँगै बसोबास गरिरहेको सबैजना लेख्नुहोस्) | नाम | नाता (प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीबाट हेर्दा) | जन्म मिति | पेसा वा हाल अध्ययनरत शैक्षिक संस्थाको नाम र ग्रेड |
|---|---|---|---|---|
| | फुरिगाना | प्राथमिक तथा नि. मा. वि. का विद्यार्थी स्वयं | . . | नागोया सहरद्वारा सञ्चालित विद्यालय ग्रेड |
| | | अभिभावक नाता ( ) | . . | |
| | | | . . | |
| | | | . . | |
| | | | . . | |
| | | | . . | |
| | | | . . | |
| | | | . . | |
| | | | . . | |

**आवेदन विषय र कारण**

(मिल्ने विवरणको नम्बर एउटामा मात्र ○ लगाउनुहोस्।)

| | |
|---|---|
| 1 | मैले जीवनयापनको लागि सरकारी सहायता प्राप्त गरिरहेको छु। |
| 2 | मेरो जीवनयापनको लागि सरकारी सहायता रोकियो वा खारेज गरियो। |
| 3 | बालबालिका पालनपोषण भत्ता भुक्तानी गरियो। |
| 4 | मेरो आय मानक रकम बराबर वा सोभन्दा कम छ। |
| | अन्य (जीविका चलाउने (घरखर्च धान्ने) व्यक्तिलाई चोटपटक वा रोग लागेको वा सो व्यक्तिले काम गुमाएको (बरखास्त, ऋणमा डुबेर कम्पनी बन्द भएको) कारण आय अत्यन्तै कम भयो, विदेशबाट (नागोया सहरमा) बसाइ सरेको कारण आय प्रमाणित गर्न सक्दिन आदि) *विस्तृत रूपमा लेख्नुहोस्। आवेदन दिँदा अग्रिम रूपमा विद्यालयमा परामर्श लिनुहोस्। |

नागोया सहरमा नबस्ने व्यक्ति, वा नागोया सहरमा करसम्बन्धी जानकारी नहुने व्यक्ति जस्ता, जसको आवश्यक डाटा प्राप्त गर्न सकिँदैन, तिनीहरूले

| कैफियत | | प्रमाणित व्यक्तिको नम्बर | |
|---|---|---|---|

यो ठाउँमा विद्यालयले लेख्नेछ।